बीमा प्रतिबिम्ब

नेपाली बीमा क्षेत्रको मासिक तथ्यांक संस्करण
वर्ष २ अंक ६ २०८२ पौष



पृष्ठभुमी

बीमा क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण स्तम्भ हो, जसले वित्तीय सुरक्षाका साथै दीर्घकालीन लगानी र सामाजिक स्थायित्वमा योगदान पुऱ्याउँछ। नेपालमा यस क्षेत्रको प्रभावकारी नियमन, अनुगमन, तथा विश्लेषणको कार्य नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणले गर्दछ।

नेपाली बीमा बजारमा आ.व. २०८२/८३ को पौष मसान्तसम्म ३७ वटा बीमा कम्पनी सञ्चालनमा रहेका छन्। कार्य प्रकृतिको आधारमा १४ जीवन बीमा, १४ निर्जीवन बीमा, ७ लघुबीमा (३ जीवन लघुबीमा र ४ निर्जीवन लघुबीमा) र २ पुनर्बीमा कम्पनीले व्यवसाय गर्दै आइरहेका छन्। त्यसैगरी, नेपालको कुल गार्हस्थ्य उत्पादनमा बीमाको योगदान बढ्दो क्रममा रहेको छ। साथै, बीमा ऐन, २०७९ ले निर्देशित गरेको कार्य क्षेत्र भित्र रही प्राधिकरणले आफ्नो काम कार्यवाही गर्दै आएको छ।

बीमा क्षेत्रमा मुख्य तथ्यांकहरुको विश्लेषणले बीमा क्षेत्रमा भएको प्रगति, चुनौतीहरू, तथा नीतिगत आवश्यकताहरूको पहिचान गर्न सहयोग पुऱ्याउँछ। यस मासिक तथ्यांक संस्करण मार्फत बीमा पहुँच, बीमकहरूको वित्तीय अवस्था, दाबी, बीमालेख संख्या, बीमाशुल्क संकलन लगायतका प्रमुख सुचकहरुको अध्ययन गरिएको छ।

यो विश्लेषण बीमा क्षेत्रको पारदर्शिता, जवाफदेहिता, तथा नीतिनिर्माणका लागि आधार हुनेछ साथै, बीमकहरु, नीति निर्माता, अनुसन्धानकर्ता र आम सर्वसाधारणलाई उपयोगी जानकारी प्रदान गर्ने उद्देश्यले तयार पारिएको छ।

नेपाली बीमा बजार

आ.व. २०८२/८३ को पौष मसान्तसम्ममा बीमा क्षेत्रको सुचकाङ्कहरुको अवस्था देहाय बमोजिम रहेका छन्।

१. बीमालेख संख्या

सूचक	२०८१ पौष मसान्तसम्ममा	२०८२ पौष मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमालेख संख्या (*म्यादि, लघु म्यादि र वैदेशिक रोजगार जीवन बीमालेख बाहेक*)	५४,६१,२२८	५९,०९,७९१	८.२१
म्यादि र लघु म्यादि जीवन बीमालेख संख्या	६२,२१,१४३	७८,३५,२३९	२५.९५
वैदेशिक रोजगार बीमालेख संख्या	२३,५८,९८२	२५,०५,१०६	६.१९
कुल सक्रिय जीवन बीमालेख संख्या	**१,४०,४१,३५३**	**१,६२,५०,१३६**	**१५.७३**
कुल जारी जीवन बीमालेख संख्या	**२८,६०,४०३**	**३६,८८,०५५**	**२८.९३**
कुल जारी निर्जीवन बीमालेख संख्या	**१५,५७,७९०**	**१६,५०,०४१**	**५.९२**

चालु आ.व २०८२/८३ को पौष मसान्तसम्ममा जीवन र लघुजीवन बीमा कम्पनीहरुबाट ३६ लाख ८८ हजार ५५ वटा बीमालेख जारी भएका छन् भने निर्जीवन र लघु निर्जीवन बीमा कम्पनीहरुबाट जम्मा १६ लाख ५० हजार ४१ वटा बीमालेख जारी भएका छन्। साथै, यस आ.व.को पौष मसान्तसम्ममा १ करोड ६२ लाख ५० हजार १३६ वटा सक्रिय जीवन बीमालेख रहेका छन् जुन गत आ.व.को पौष मसान्तको तुलनामा १५.७३ प्रतिशतले वृद्धि भएको देखिन्छ।

२. बीमाशुल्क संकलन

रकम रु. लाखमा

सूचक	२०८१ पौष मसान्तसम्ममा	२०८२ पौष मसान्तसम्ममा	परिवर्तन %
प्रथम जीवन बीमाशुल्क संकलन रु.लाखमा	१,७७,८६१.५६	२,३८,६२५.९६	३४.१६
नविकरण जीवन बीमाशुल्क संकलन रु. लाखमा	६,३३,९०६.८७	७,२७,७७७.४६	१४.८१
कुल जीवन बीमाशुल्क संकलन रु.लाखमा	**८,११,७६८.४३**	**९,६६,४०३.४२**	**१९.०५**
कुल निर्जीवन बीमाशुल्क संकलन रु.लाखमा	**२,१३,०६५.१९**	**२,४३,०२९.६१**	**१४.०६**
जम्मा बीमाशुल्क संकलन रु. लाखमा	**१०,२४,८३३.६२**	**१२,०९,४३३.०३**	**१८.०१**

चालु आ.व २०८२/८३ को पौष मसान्तसम्ममा रु. १ खर्ब २० अर्ब ९४ करोड ३३ लाख बीमाशुल्क संकलन भएको छ जुन गत आ.व.को पौष मसान्तको तुलनामा १८.०१ प्रतिशत वृद्धि हो। त्यसैगरी, गत आ.व. को पौष मसान्तको तुलनामा चालु आ.व को पौष मसान्तसम्ममा जीवन तथा लघुजीवन बीमा तर्फ बीमाशुल्क संकलन १९.०५ प्रतिशतले

बृद्धि भई रु. ९६ अर्ब ६४ करोड ३ लाख रहेको छ भने निर्जीवन तथा लघु निर्जीवन बीमा तर्फ १४.०६ प्रतिशतले बृद्धि भई रु. २४ अर्ब ३० करोड ३० लाख बीमाशुल्क संकलन भएको छ।

३. बीमा दावी भुक्तानी विवरण

रकम रु. लाखमा

सूचक	२०८१ पौष मसान्तसम्ममा	२०८२ पौष मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमा दाबी भुक्तानी संख्या	१,०५,६१२	१,०७,९१८	२.१८
जीवन बीमा दाबी भुक्तानी रकम	२,०९,७११.३८	२,१६,४२६.१४	३.२०
भुक्तानी हुन वाँकी दाबी संख्या *(जीवन)*	४८,८९१	६१,४६४	२५.७२
भुक्तानी हुन वाँकी दाबी रकम *(जीवन)*	३५,९५०.८५	५५,५९०.३५	५४.६३
निर्जीवन बीमा दाबी भुक्तानी संख्या	६५,१२०	७१,२४९	९.४१
निर्जीवन बीमा दाबी भुक्तानी रकम	१,०१,६०१.२३	१,३२,७५३.७४	३०.६६
भुक्तानी हुन वाँकी दाबी संख्या *(निर्जीवन)*	१,०६,६४३	१,१३,७२८	६.६४
भुक्तानी हुन वाँकी दावी रकम *(निर्जीवन)*	३,३७,११४.५६	५,०७,९२०.९९	५०.६७

चालु आ.व २०८२/८३ को पौष मसान्तसम्म जीवन बीमकहरुले भुक्तानी गरेको दाबीको संख्या १ लाख ७ हजार ९१८ रहेको छ जस अन्तर्गत रु. २१ अर्ब ६४ करोड २६ लाख भुक्तानी भएको छ। गत आ.व.को पौष मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्या र रकममा २.१८ प्रतिशत र ३.२० प्रतिशत वृद्धि भएको देखिन्छ। साथै, ६१ हजार ४६४ वटा दाबी अन्तर्गतको रु. ५ अर्ब ५५ करोड ९० लाख भुक्तानी हुन बाँकी नै रहेको छ।

त्यसैगरी, निर्जीवन बीमकहरुबाट चालु आ.व २०८२/८३ को पौष मसान्तसम्ममा कुल ७१ हजार २४९ वटा दाबी भुक्तानी भएको छ जस अन्तर्गत रु १३ अर्ब २७ करोड ५४ लाख भुक्तानी भएको छ भने, १ लाख १३ हजार ७२८ वटा दाबी संख्या अन्तर्गत कुल रु ५० अर्ब ७९ करोड २१ लाख भुक्तानी हुन बाँकी रहेको छ। गत आ.व.को पौष मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्यामा ९.४१ प्रतिशतले वृद्धि भएको छ भने दाबी रकममा ३०.६६ प्रतिशत वृद्धि भएको देखिन्छ।

४. जीवन बीमाको पहुँच

सूचक	२०८१ पौष मसान्तसम्ममा	२०८२ पौष मसान्तसम्ममा
बीमाको दायरामा आएको जनसंख्या प्रतिशतमा *(म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीबन बीमालेख बाहेक)*	१६.८१	१८.०३
बीमाको दायरामा आएको जनसंख्या प्रतिशत *(म्यादि र लघु म्यादि जीवन बीमालेख सहित)*	३५.९७	४१.९४

बीमाको दायरामा आएको जनसंख्या प्रतिशत *(म्यादि,लघुम्यादि र बैदेशिक रोजगार जीवन बीमालेख सहित)*	४३.६२	४९.९९

१. राष्ट्रिय तथ्याङ्क कार्यालयले वि.स. २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा यस महिनासम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गरिएको।

राष्ट्रिय तथ्यांक कार्यालयले प्रकाशित गरेको २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा चालु आ.व को पौष मसान्तसम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गर्दा ५० प्रतिशत जनसंख्यामा बीमाको पहुँच पुगेको छ भने ५० प्रतिशत जनसंख्या बीमाको पहुँच बाहिर रहेको देखिन्छ।

५. समर्पण तथा व्यतित विवरण

रकम रु. लाखमा

सूचक	२०८१ पौष मसान्तसम्ममा	२०८२ पौष मसान्तसम्ममा	परिवर्तन %
समर्पण संख्या	५४,४१४	५१,०७७	(६.१३)
समर्पण रकम	७४,६६६.७२	५६,९२१.०५	(२३.७७)
व्यतित बीमालेखको संख्या	१२,२९,५०६	१२,३१,६५०	०.१७
व्यतित बीमालेखको रकम	३,६१,६८९.८५	३,७८,०७६.६२	४.५३

चालु आ.व २०८२/८३ को पौष मसान्तसम्ममा ५१ हजार ७७ वटा जीवन बीमालेख समर्पण भएका छन् जस अन्तर्गत रु ५ अर्ब ६९ करोड २१ लाख समर्पण रकम रहेको छ। त्यसैगरी, १२ लाख ३१ हजार ६५० बीमालेख व्यतित भएकाछन् भने व्यतित बीमालेखको रकम रु ३७ अर्ब ८० करोड ७७ लाख रहेको छ।

६. बीमकको शाखा कार्यालय तथा कर्मचारीको विवरण

सूचक	२०८१ पौष मसान्तसम्ममा	२०८२ पौष मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या	१,८४४	१,८५१	०.३८
निर्जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या	१,१५८	१,१५८	-
बीमा कम्पनीहरुको जम्मा कार्यालय संख्या	**३,००२**	**३,००९**	**०.२३**
जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या	५,९२६	६,१०८	३.०७
निर्जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या	५,९७५	६,२६९	४.९२
बीमा कम्पनीहरुको जम्मा कर्मचारी संख्या	**११,९०१**	**१२,३७७**	**४.००**

चालु आ.व. २०८२/८३ को पौष मसान्तसम्ममा जीवन बीमातर्फ १ हजार ८५१ र निर्जीवन बीमातर्फ १ हजार १५८ गरी जम्मा शाखा संख्या ३ हजार ९ पुगेको छ भने जीवन बीमातर्फ ६ हजार १०८ र निर्जीवन बीमातर्फ ६ हजार २६९ गरी कुल १२ हजार ३७७ जना कर्मचारी कार्यरत छन्।

७. बीमालेख अनुसार जारी जीवन बीमालेख संख्या

सूचक	२०८१ पौष मसान्तसम्म मा (१)	जारी बीमालेख को हिस्सा प्रतिशत	२०८२ पौष मसान्तसम्म मा (२)	जारी बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक जीवन बीमा	१,३६,२८२	४.७६	१,४०,८८६	३.८२	**३.३८**
अग्रिम भुक्तानी सावधिक जीवन बीमा	१७,५९१	०.६१	२०,८३६	०.५६	**१८.४५**
रुपान्तरित सावधिक जीवन बीमा	२३,०८०	०.८१	२६,७७६	०.७३	**१६.०१**
बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा	४८,५७२	१.७०	५७,६८९	१.५६	**१८.७७**
वैदेशिक रोजगार म्यादी	३,९२,९७८	१३.७४	४,०१,२३६	१०.८८	**२.१०**
आजीवन जीवन बीमा	२,७०३	०.०९	२,४२८	०.०७	**(१०.१७)**
एकल बीमाशुल्क जीवन बीमा	१०,३०९	०.३६	७,९४६	०.२२	**(२२.९२)**
म्यादी जीवन बीमा	४,५९,६३५	१६.०७	५,००,५७१	१३.५७	**८.९१**
लघु जीवन बीमा	१७,६४,०४७	६१.६७	२५,२५,२४९	६८.४७	**४३.१५**
अन्य जीवन बीमा	५,२०६	०.१८	४,४३८	०.१२	**(१४.७५)**
जम्मा	२८,६०,४०३	१००.००	३६,८८,०५५	१००.००	**२८.९३**

चालु आ.व. २०८२/८३ को पौष मसान्तसम्ममा जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ६८.४७ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा आजिवन जीवन बीमालेखको ०.०७ प्रतिशत रहेको छ। गत आ.व.को पौष मसान्तसम्मको तुलनामा जारी बीमालेखको संख्यामा २८.९३ प्रतिशतले वृद्धि भएको छ।

८. सक्रिय जीवन बीमालेख संख्या

जीवन बीमालेख	२०८१ पौष मसान्तसम्ममा (१)	सक्रिय बीमालेख को हिस्सा प्रतिशत	२०८२ पौष मसान्तसम्ममा (२)	सक्रिय बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक जीवन बीमा	२०,५५,६१२	१४.६४	२१,९०,५०२	१३.४८	६.५६
अग्रिम भुक्तानी सावधिक जीवन बीमा	४,४५,०१३	३.१७	४,५६,९८०	२.८१	२.६९
रुपान्तरित सावधिक जीवन बीमा	५,३३,९७३	३.८०	५,९८,७३२	३.६८	१२.१३
बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा	१०,११,३५०	७.२०	१०,८५,४६८	६.६८	७.३३
वैदेशिक रोजगार म्यादि जीवन बीमा	२३,५८,९८२	१६.८०	२५,०५,१०६	१५.४२	६.१९
आजिवन जीवन बीमा	१,७७,२४९	१.२६	१,७०,३५७	१.०५	(३.८९)
एकल बीमाशुल्क जीवन बीमा	८३,५५६	०.६०	१,०४,९५३	०.६५	२५.६१
म्यादि जीवन बीमा	३२,६८,०७८	२३.२७	३३,८६,९८०	२०.८४	३.६४
लघु जीवन बीमा	३९,८३,४९१	२८.३७	५६,२७,५७६	३४.६३	४१.२७
अन्य जीवन बीमा	१,२४,०४९	०.८८	१,२३,४८२	०.७६	(०.४६)
जम्मा	१,४०,४१,३५३	१००.००	१,६२,५०,१३६	१००.००	१५.७३

चालु आ.व. २०८२/८३ को पौष मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ३४.६३ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा एकल बीमालेखको ०.६५ प्रतिशत रहेको छ । गत आ.व. को पौष मसान्तसम्मको तुलनामा चालु आ.व.को पौष मसान्तसम्ममा सक्रिय बीमालेखको संख्यामा १५.७३ प्रतिशत वृद्धि भएको छ ।

९. प्रदेश अनुसार सक्रिय जीवन बीमालेख संख्या

प्रदेश	२०८१ पौष मसान्तसम्ममा (१)	सक्रिय बीमालेखको हिस्सा प्रतिशत	२०८२ पौष मसान्तसम्ममा (२)	सक्रिय बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	११,१४,५६७	७.९४	१८,५१,०७०	११.३९	६६.०८
मधेश	६,०८,४८३	४.३३	६,९९,३४४	४.३०	१४.९३
बागमती	९८,३७,८८८	७०.०६	१,०३,०७,१२१	६३.४३	४.७७

गण्डकी	६,५२,२६०	४.६५	१०,७७,००६	६.६३	**६५.१२**
लुम्बिनी	१०,२३,७७४	७.२९	११,२८,३१२	६.९४	**१०.२१**
कर्णाली	२,६८,६६५	१.९१	५,९३,९२२	३.६५	**१२१.०६**
सुदुरपश्चिम	५,३५,७१६	३.८२	५,९३,३६१	३.६५	**१०.७६**
जम्मा	१,४०,४१,३५३	१००.००	१,६२,५०,१३६	१००.००	**१५.७३**

चालु आ.व. २०८२/८३ को पौष मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी १ करोड ३ लाख ७ हजार १२१ वटा सक्रिय बीमालेख बागमती प्रदेशमा रहेको छ भने सबै भन्दा कम ५ लाख ९३ हजार ३६१ वटा सक्रिय बीमालेख सुदुरपश्चिम प्रदेशमा रहेको छ।

१०. जारी निर्जीवन बीमालेख संख्या

निर्जीवन बीमालेख	२०८१ पौष मसान्तसम्ममा (१)	जारी बीमालेखको हिस्सा प्रतिशत	२०८२ पौष मसान्तसम्ममा (२)	जारी बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सम्पत्ति बीमा	२,४०,५६६	१५.४४	२,३२,८९७	१४.११	(३.१९)
सामून्द्रिक बीमा	१,८९,९०२	१२.१९	२,०१,४५०	१२.२१	**६.०८**
हवाई बीमा	५५	०.००४	११६	०.००७	**११०.९१**
मोटर बीमा	७,८४,४४४	५०.३६	८,११,०६६	४९.१५	**३.३९**
इन्जि. तथा ठे. जो. बीमा	११,०१०	०.७१	१०,९४८	०.६६	(०.५६)
विविध बीमा	७९,९८३	५.१३	७७,८५२	४.७२	(२.६६)
कृषि तथा बाली बीमा	७६,८१०	४.९३	८१,४२१	४.९३	**६.००**
लघु बीमा	१,७५,०२१	११.२४	२,३४,२९१	१४.२०	**३३.८६**
जम्मा	१५,५७,७९१	१००.००	१६,५०,०४१	१००.००	**५.९२**

चालु आ.व. २०८२/८३ को पौष मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा मोटर बीमाको ४९.१५ प्रतिशत रहेको छ भने सबै भन्दा कम संख्यामा हवाई बीमालेख जारी भएका छन् जस्को हिस्सा ०.००७ प्रतिशत रहेको छ। गत आ.व. को पौष मसान्तसम्मको तुलनामा चालु आ.व.को सोही समयमा कुल जारी बीमालेख संख्या ५.९२ प्रतिशतले वृद्धि भएको छ।

११. प्रदेश अनुसार जारी निर्जीवन बीमालेख संख्या

प्रदेश	२०८१ पौष मसान्तसम्ममा (१)	बीमालेख को हिस्सा प्रतिशत	२०८२ पौष मसान्तसम्ममा (२)	बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	१,९१,५२३	१२.२९	२,०५,६१७	१२.४६	७.३६
मधेश	१,६३,२५६	१०.४८	१,६१,३३६	९.७८	(१.१८)
बागमती	६,८३,६३४	४३.८८	७,४५,८७९	४५.२०	९.११
गण्डकी	१,५५,४६८	९.९८	१,५७,६३६	९.५५	१.३९
लुम्बिनी	२,५६,६८१	१६.४८	२,६८,८५१	१६.२९	४.७४
कर्णाली	२६,०३८	१.६७	२८,८९७	१.७५	१०.९८
सुदुरपश्चिम	८१,१९१	५.२१	८१,८२५	४.९६	०.७८
जम्मा	१५,५७,७९१	१००.००	१६,५०,०४१	१००.००	५.९२

चालु आ.व. २०८२/८३ को पौष मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गरेको बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४५.२० प्रतिशत रहेको छ सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा १.७५ प्रतिशत रहेको छ ।

१२. बीमालेखका आधारमा जीवन बीमामा कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

जीवन बीमालेख	२०८१ पौष मसान्तसम्ममा (१)	बीमाशुल्क को हिस्सा प्रतिशत	२०८२ पौष मसान्तसम्ममा (२)	बीमाशुल्क को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक	२,९७,३५५.७८	३६.६३	३,९२,९५६.३५	४०.६६	३२.१५
अग्रिम भुक्तानी सावधिक	१,७६,५००.७९	२१.७४	१,८३,४६४.७५	१८.९८	३.९५
रुपान्तरित सावधिक	१,०५,६४२.८५	१३.०१	१,११,०२९.९९	११.४९	५.१०
बालबच्चा सम्बन्धि सावधिक	१,२८,०४०.९६	१५.७७	१,५८,३३४.८६	१६.३८	२३.६६
वैदेशिक रोजगार म्यादी	१६,६३९.६२	२.०५	१७,१५६.८९	१.७८	३.११
आजीवन	२१,२८६.३७	२.६२	२१,६६९.५५	२.२४	१.८०
एकल बीमाशुल्क	३०,४८१.२५	३.७५	३९,६६६.५८	४.१०	३०.१३

म्यादी	७,०५६.२८	०.८७	८,४५०.३५	०.८७	**१९.७६**
लघु	१२,८७०.६८	१.५९	१६,२१७.८०	१.६८	**२६.०१**
अन्य	१५,८९३.८४	१.९६	१७,४५६.३०	१.८१	**९.८३**
जम्मा	८,११,७६८	१००.००	९,६६,४०३	१००.००	**१९.०५**

चालु आ.व. २०८२/८३ को पौष मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा सावधिक जीवन बीमालेखको ४०.६६ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा म्यादी बीमालेखको ०.८७ प्रतिशत रहेको छ। गत आ.व. को पौष मसान्तसम्मको तुलनामा चालु आ.व.को पौष मसान्तसम्ममा जीवन बीमातर्फ कुल बीमाशुल्क संकलनमा १९.०५ प्रतिशतले वृद्धि भएको छ।

१३. प्रदेश अनुसार कुल जीवन बीमाशुल्क संकलन

रकम रु. लाखमा

प्रदेश	२०८१ पौष मसान्तसम्ममा (१)	बीमाशुल्कको हिस्सा प्रतिशत	२०८२ पौष मसान्तसम्ममा (२)	बीमाशुल्क को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	१,००,६३६.६१	१२.४०	१,१५,३०६.२८	११.९३	**१४.५८**
मधेश	७३,८३१.८५	९.१०	८७,०७२.५७	९.०१	**१७.९३**
बागमती	३,४८,५३३.००	४२.९४	४,२६,४४८.७८	४४.१३	**२२.३६**
गण्डकी	८४,३२६.४३	१०.३९	९८,७०४.३२	१०.२१	**१७.०५**
लुम्बिनी	१,२९,७०९.३४	१५.९८	१,५१,५१२.७६	१५.६८	**१६.८१**
कर्णाली	२४,२९६.८५	२.९९	२९,२१९.८४	३.०२	**२०.२६**
सुदुरपश्चिम	५०,४३४.३५	६.२१	५८,१३८.८६	६.०२	**१५.२८**
जम्मा	८,११,७६८.४३	१००.००	९,६६,४०३.४२	१००.००	**१९.०५**

चालु आ.व. २०८२/८३ को पौष मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४४.१३ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा ३.०२ प्रतिशत रहेको छ।

१४. निर्जीवन बीमामा कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

निर्जीवन बीमालेख	२०८१ पौष मसान्तसम्ममा (१)	बीमाशुल्क को हिस्सा प्रतिशत	२०८२ पौष मसान्तसम्ममा (२)	बीमाशुल्क को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %

सम्पत्ति	५४,८९८.७६	२५.७७	५९,०७१.१८	२४.३१	**७.६०**
सामुन्द्रिक	१२,२७८.७५	५.७६	१४,६१५.९८	६.०१	**१९.०३**
हवाई	१०,१५३.१५	४.७७	९,२९८.४७	३.८३	**(८.४२)**
मोटर	६६,४९७.३०	३१.२१	८०,१४५.८४	३२.९८	**२०.५२**
इन्जि. तथा ठे. जो.	३०,७९२.६१	१४.४५	३८,४२५.७८	१५.८१	**२४.७९**
विविध	२५,४६८.८७	११.९५	२६,४८३.६०	१०.९०	**३.९८**
कृषि तथा बाली	८,६५०.३०	४.०६	८,६३६.४७	३.५५	**(०.१६)**
लघु	४,३२५.४५	२.०३	६,३५२.२९	२.६१	**४६.८६**
जम्मा	२,१३,०६५.१९	१००.००	२,४३,०२९.६१	१००.००	**१४.०६**

चालु आ.व. २०८२/८३ को पौष मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा मोटर बीमालेखको ३२.९८ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा लघु बीमालेखको २.६१ प्रतिशत रहेको छ। गत आ.व. को पौष मसान्तसम्मको तुलनामा चालु आ.व.को पौष मसान्तसम्ममा कुल बीमाशुल्क संकलन १४.०६ प्रतिशतले वृद्धि भएको छ।

१५. प्रदेश अनुसार निर्जीवन कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

प्रदेश	२०८१ पौष मसान्तसम्ममा (१)	बीमाशुल्क को हिस्सा प्रतिशत	२०८२ पौष मसान्तसम्ममा (२)	बीमाशुल्क को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	१८,५२२.३३	८.६९	२०,२९८.३६	८.३५	**९.५९**
मधेश	१४,३५३.७२	६.७४	१५,६००.१२	६.४२	**८.६८**
बागमती	१,४२,१७०.४५	६६.७३	१,६५,९०८.४२	६८.२७	**१६.७०**
गण्डकी	११,४८८.८३	५.३९	१२,१७८.८०	५.०१	**६.०१**
लुम्बिनी	१९,०९२.६८	८.९६	२०,८८९.४४	८.६०	**९.४१**
कर्णाली	१,९८१.४१	०.९३	२,३०७.१४	०.९५	**१६.४४**
सुदुरपश्चिम	५,४५५.७६	२.५६	५,८४७.३५	२.४१	**७.१८**
जम्मा	२,१३,०६५.१९	१००.००	२,४३,०२९.६१	१००.००	**१४.०६**

चालु आ.व. २०८२/८३ को पौष मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी बीमाशुल्क संकलनको हिस्सा बागमती प्रदेशको ६८.२७ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशको ०.९५ प्रतिशत रहेको छ।

१६. उजुरी दर्ता तथा फछर्यौट

विवरण		आर्थिक वर्ष	
		२०८१/८२	२०८२/८३
गत वर्षको निवेदन बाँकी संख्या		२८७	**३९४**
यस वर्षको निवेदन संख्या	केन्द्रीय कार्यालयमा	१४४	५०
	प्रदेश कार्यालयमा	९१	२१
	कुल दर्ता	२३५	७१
पुनरावेदनबाट आएका मुद्दाको संख्या		३	-
जम्मा निवेदन		**५२५**	**४६५**
फैसला/सहमति भएका मुद्दा संख्या	फैसला	८५	३३
	सहमति	४६	१६
	जम्मा फछर्यौट	१३१	४९
बाँकी संख्या		**३९४**	**४१६**

चालु आ.व. २०८२/८३ को पौष मसान्तसम्ममा केन्द्रीय कार्यालयमा ५० र प्रदेश कार्यालयमा २१ गरी प्राधिकरणमा कुल दर्ता भएका ७१ वटा उजुरी र गत वर्षको बाँकी ३९४ वटा निवेदन गरी कुल ४६५ वटा उजुरी प्राप्त भएको छ जसमध्ये ३३ वटा उजुरी मुद्दा फैसलाबाट र १६ वटा उजुरी सहमतीबाट गरी कुल ४९ वटा उजुरी फछर्यौट भएका छन् भने ४१६ वटा उजुरी विचाराधिन अवस्थामानै रहेको छ।

१७. बीमालेख स्वीकृत

आ.व २०८२/८३ को पौष मसान्तसम्ममा प्राधिकरणबाट जीवन बीमकले पेश गरेको मध्ये २ वटा नयाँ बीमालेख तथा २ वटा नयाँ पुरक करार स्वीकृती भएको छ भने दुई वटा बीमालेख तथा ५ वटा पुरककरारको परिमार्जन स्वीकृती भएको छ । स्वीकृत भएको 'नेपाल लाइफ नारी सूरक्षा जीवन बीमा योजना' महिला लक्षित बीमा योजना रहेको र सो बीमालेखमा गर्भावस्थामा हुने जटिलतालाई मध्यनजर गरी ल्याइएको 'गर्भावस्था जटिलता सम्बन्धी पूरक करार' तथा 'गर्भावस्था स्याहार पुरक करार' समेत थप गर्न सकिनेछ।

त्यसैगरी, निर्जीवन बीमातर्फ १४ वटा नयाँ बीमालेख स्वीकृत भएका छन्। स्वीकृत निर्जीवन बीमालेखको विवरण देहाय बमोजिम रहेको छ।

निर्जीवन बीमातर्फ

क्र.स.	बीमक	स्वीकृत बीमालेख
१		Professional Indemnity Insurance Policy for Construction Projects

२	नेको इन्सुरेन्स लिमिटेड	Student International Health Insurance Policy
३	आइ जी आई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड	IGIP Tourism Insurance
४		Professional Indemnity Insurance Policy for Construction Projects
५	हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड	हिमालयन एभरेष्ट साना तथा मझौला व्यवसाय संरक्षण बीमालेख
६		Professional Indemnity Insurance Policy for Construction Projects
७	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड	Professional Indemnity Insurance Policy for Construction Projects
८	शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड	Shikhar Motor Extended Warranty Insurance
९	यूनाईटेड अजोड ईन्स्योरेन्स लिमिटेड	United Ajod Motor Extended Warranty Insurance
१०	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड	Professional Indemnity Insurance Policy for Construction Projects
११	दि ओरियण्टल इन्स्योरेन्स कम्पनी लिमिटेड	सम्पत्ति बीमा अन्तर्गत Add-On Cover
१२		Oriental Overseas Mediclaim Insurance Policy
१३	राष्ट्रिय बीमा कम्पनी लिमिटेड	निर्वाचनमा खटिने जनशक्तिको सामुहिक दुर्घटना बीमालेख

१८. बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदन स्वीकृती र सोल्भेन्सी अनुपात

बीमा ऐन, २०७९ तथा Risk Based Capital and Solvency Guidelines, 2025 बमोजिम बीमकहरूले आर्थिक वर्ष समाप्त भएको १२० दिन भित्र प्राधिकरणमा बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदन स्वीकृतीका लागि पेश गर्नुपर्ने कानूनी व्यवस्था बमोजिम प्राधिकरणमा पेश भए अनुसार १३ वटा जीवन बीमक, ८ वटा निर्जीवन बीमक र ३ वटा लघु बीमक गरी जम्मा २४ वटा बीमकको आ.व. २०८१/८२ को बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको छ। बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएका बीमकहरू तथा सो बीमकको सोल्भेन्सी अनुपात देहाय बमोजिम रहेका छन्।

जीवन बीमक

क्र.स	बीमक	न्यूनतम तोकिएको अनुपात	सल्भेन्सी अनुपात
१	नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१.३	१.६५
२	नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.		१.५४
३	लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड		१.५
४	मेट लाइफ अलिको.		२.०८
५	एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड		१.३३

६	आइ.एम.ई. लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड		२.४
७	रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड		२.५५
८	सिटिजन लाईफ इन्स्योरेन्स लिमिटेड		१.७३
९	सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड		१.६५
१०	सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि.		१.५७
११	हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड		१.३२
१२	प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड		१.९२
१३	सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड		२.४४

निर्जीवन बीमक

क्र.स	बीमक	न्यूनतम तोकिएको अनुपात	सल्भेन्सी अनुपात
१	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड	१.३	४.२९
२	नेको इन्स्योरेन्स लिमिटेड		५.०६
३	शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड		४.७४
४	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड		४.२५
५	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड		४.३८
६	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड		३.३१
७	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड		३.८६
८	आइजिआई प्रुडेन्सीयल इन्स्योरेन्स लिमिटेड		५.०६

लघु बीमक

क्र.स	बीमक	न्यूनतम तोकिएको अनुपात	सल्भेन्सी अनुपात
१	लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड	१.५	१.९९
२	गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड		२.०६
३	प्रोटेक्टिभ माईक्रो ईन्स्योरेन्स कम्पनी लिमिटेड		१.५५

१९. वित्तिय विवरण स्वीकृत

बीमा ऐन, २०७९ बमोजिम बीमकले प्रत्येक आर्थिक वर्षको लेखापरिक्षण भएको वासलात र नाफा नोक्सानको विवरण तयार गरी अर्को आर्थिक वर्षको ६ महिना भित्र तोकिएको ढाँचामा वित्तीय विवरण प्राधिकरणमा पेश गर्नुपर्ने कानूनी व्यवस्था अनुसार बीमकहरूले वित्तीय विवरण प्राधिकरणमा पेश गरेका छन् । पौष मसान्त सम्मको समयावधिमा प्राधिकरणबाट १२ वटा जीवन बीमक, ७ वटा निर्जिवन बीमक र ३ वटा लघु बीमकहरू गरी जम्मा २२ वटा बीमकको

आ.व.२०८१/८२ को वित्तिय विवरण स्वीकृत भएको छ। वित्तिय विवरण स्वीकृत भएका बीमकको विवरण देहाय बमोजिम रहेको छ।

जीवन बीमक

क्र.स	बीमकको नाम	क्र.स.	बीमकको नाम
१	सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	७	सन नेपाल लाईफ ईन्स्योरेन्स कम्पनी लिमिटेड
२	नेपाल लाइफ ईन्स्योरेन्स कम्पनी लिमिटेड	८	रिलायबल नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
३	आइ एम ई लाइफ ईन्स्योरेन्स कम्पनी लिमिटेड	९	सुर्य ज्योति लाईफ ईन्स्योरेन्स कम्पनी लिमिटेड
४	सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१०	लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
५	नेशनल लाईफ ईन्स्योरेन्स कम्पनी लिमिटेड	११	मेट लाइफ (अलिको)
६	प्रभु महालक्ष्मी लाईफ ईन्स्योरेन्स कम्पनी लिमिटेड	१२	हिमालयन लाईफ ईन्स्योरेन्स लिमिटेड

निर्जीवन बीमक

क्र.स	बीमकको नाम	क्र.स.	बीमकको नाम
१	आइ जी आई प्रुडेन्सियल	५	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड
२	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लि.	६	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड
३	शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड	७	हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड
४	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लि.		

लघु बीमकहरु

क्र.स	बीमकको नाम
१	श्री गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड
२	प्रोटेक्टिभ माईक्रो ईन्स्योरेन्स कम्पनी
३	लिबर्टी माईक्रो लाईफ ईन्स्योरेन्स

तयार:
अनुसन्धान महाशाखा
नेपाल बीमा प्राधिकरण